# प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू

स्नातकोत्तर तह (एम्. एड्.) शैक्षिक योजना तथा व्यवस्थापन
विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि
शैक्षिक योजना तथा व्यवस्थापन
विभागमा प्रस्तुत

**शोध पत्र**

**शोधकर्ता**
गोविन्दबहादुर श्रेष्ठ
त्रि. वि. दर्ता नं. : २२८४–८४
परीक्षा रोल नं. : २१४००२९
क्याम्पस रोल नं. : ८७/२०६२–६४

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ
आश्विन, २०६७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना क्याम्पस, इन्द्रपुर, मोरङमा अध्ययन गर्ने छात्र श्री गोविन्दबहादुर श्रेष्ठले संखुवासभा जिल्लाको वाना स्रोतकेन्द्र र बाह्रबिसे स्रोतकेन्द्रमा संचालित सामुदायिक माध्यमिक विद्यालयको स्थलगत सर्वेक्षणको आधारमा मेहनतपूर्वक तयार पार्नुभएको **प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू** विषयक शोधपत्र मेरो प्रत्यक्ष सल्लाह, सुझाव र निर्देशनमा तयार पार्नुभएको हो । यस शोधपत्रको आवश्यक मूल्याङ्कन गरी स्वीकृतिका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

.................................................

लक्ष्मीकुमार श्रेष्ठ

शोध निर्देशक

उप-प्राध्यापक

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र श्री गोविन्दबहादुर श्रेष्ठले यस तहको निमित्त निर्धारित आंशिक आवश्यकता पूरा गर्ने योजनाका लागी प्रस्तुत गर्नु भएको **"प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू"** शीर्षकको शोधपत्र मूल्याङ्कनका लागि सिफारिस भएकोले यस समितिबाट स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | उप.प्रा. लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख तथा शोध निर्देशक | ..................... |
| २ | अशोक बस्नेत | सदस्य, शोध समिति | .................... |
| ३ | प्रा.डा. वासुदेव काफ्ले | वाह्य परीक्षक | .................... |
| ४ | | | |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध पत्र प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू तयार गर्ने कार्यमा निरन्तर सल्लाह, सुझाव र मार्ग निर्देशन प्रदान गरी सफल बनाउन सहयोग गर्नुहुने आदरणीय गुरू तथा शोध निर्देशक श्री लक्ष्मीकुमार श्रेष्ठज्यू प्रति आभार व्यक्त गर्दछु ।

समय समयमा प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गर्नुहुने क्याम्पस प्रमुख पितकुमार श्रेष्ठ, गुरू वर्गहरू श्री गणेशप्रसाद दाहाल, श्री खगेन्द्रप्रसाद लुइँटेल र भोजराज घिमिरे प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोध कार्यको अध्ययन क्रममा आवश्यक सूचना तथा तथ्याङ्कहरू उपलब्ध गराउने क्रममा सहयोग पुऱ्याउनु हुने वि.व्य.स. अध्यक्षहरू, स्रोतव्यक्तिहरू प्रधानाध्यापकहरू, विषय शिक्षकहरू र विद्यार्थीहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । शोध कार्य तथा एम.एड. तहको अध्ययन पूरा गराउन आवश्यक समय उपलब्ध गराउने तथा बारम्बार उत्प्रेरित गर्ने श्रीमती सीताकुमारी श्रेष्ठलाई यस क्षणमा स्मरण गर्न चाहन्छु । त्यसै गरी यस तहको अध्ययन शुरु गर्दादेखि नै हौसला प्रदान गर्ने छोरीहरू शुष्मा श्रेष्ठ र मोनालिसा श्रेष्ठको उच्च भावनाको कदर गर्दछु ।

अन्त्यमा शोध पत्रको कम्प्यूटर प्रिन्टमा सहयोग पुऱ्याउने छोरा सिजन श्रेष्ठ शिष्य श्री जयराम कोइराला र स्वागत कम्प्यूटर सर्भिस, विराटचौक, मोरङका साथै मेरा सबै शुभचिन्तक तथा प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग पुऱ्याउनु हुने साथीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

गोविन्द बहादुर श्रेष्ठ

एम.एड. दास्रो वर्ष

# शोध-सार

**प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू** विषयक प्रस्तुत शोध पत्रले प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने र सो का कारक तत्वहरूको लेखाजोखा गर्ने उद्देश्य राखेको छ ।

प्रस्तुत शोध पत्र तयार गर्ने क्रममा छनौट गरिएका स्रोतकेन्द्र अन्तर्गतका प्रवेशिका परीक्षामा सामेल हुने चारवटा माध्यमिक विद्यालयका सोह्र जना विद्यार्थीहरू, चारजना विज्ञान शिक्षकहरू, चारजना प्रधानाध्यापकहरू, दुईजना स्रोत व्यक्तिहरू र चारजना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई प्रश्नावलीहरूको प्रयोगका साथै फोन सम्पर्क समेतबाट प्राप्त सूचनाका आधारमा तालिका प्रयोग गरी औसत प्रतिशत निकाली तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । अनुसन्धान अगाडि बढाउन परिमाणात्मक ढाँचा प्रयोग गरिएको छ भने उद्देश्यमूलक नमुना छनौट विधि र सम्भावनायुक्त छनौट विधिद्वारा नमुना छनौट गरिएको छ ।

यस शोधकार्यबाट प्रवेशिका परीक्षामा विज्ञान विषयमा उतीर्ण प्रतिशत उच्च रहेता पनि सैद्धान्तिक परीक्षाको सिकाइ उपलब्धि भने न्युन रहेको तथ्य पत्ता लागेको छ । विद्यालयका विषय शिक्षकहरूले प्रदान गरेको प्रयोगात्मक परीक्षाको अधिक अंकले सिकाइ उपलब्धिमा वृद्धि गरेको देखिएता पनि वास्तविक उपलब्धि न्युन रहेको देखिएको छ । यसो हुनुका प्रमुख कारणहरूमा ग्रीड अनुसारको शिक्षण सिकाइ नहुनु, विषयवस्तु तहगत रूपमा कठिन हुनु तथा योजनावद्ध शिक्षण नहुनु आदि कारक तत्वहरूका रूपमा रहेका छन् ।

प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धि वृद्धि गर्न प्रत्येक परीक्षाफल प्रकाशन पश्चात नतिजा विश्लेषण गरी आगामी वर्ष सिकाइ उपलब्धि वृद्धि गर्ने योजना बनाउनु पर्ने, उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरूलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने, कम अंक ल्याउने विद्यार्थीहरूलाई छुट्टै कोचिङ कक्षाको व्यवस्था गर्नुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनु पर्ने, प्रयोगशालाको उचित व्यवस्था हुनुपर्ने, प्रश्नपत्रमा वस्तुगत प्रश्नहरू समावेश गर्नुपर्ने, साप्ताहिक पाठ्यभार बढाउनु पर्ने र कमजोर आर्थिक स्थिति भएका विद्यार्थीहरूका लागि विद्यार्थी सहयाता कोष खडा गर्नुपर्ने देखिन्छ ।

# विषय सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोध-सार | | iv |
| विषय सूची | | |
| तालिका सूची | | viii |
| | **परिच्छेद एक : परिचय** | **१- ७** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनका उद्देश्यहरु | ५ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| १.७ | अध्ययनमा प्रयोग भएका शब्दहरूको परिभाषा | ७ |
| | **परिच्छेद दुई** | **८-१५** |
| | **सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ | सैद्धान्तिक खाका | १३ |
| २.३ | शैक्षिक उपादेयता | १५ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | **१६-१९** |
| ३.१ | अनुसन्धान ढाँचा | १६ |
| ३.२ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १६ |
| ३.२.१ | जनसङ्ख्या | १६ |
| ३.२.२ | नमूनाको आकार | १६ |
| ३.२.३ | नमुना छनौट विधि | १७ |
| ३.२.४ | नमूना छनोटको आधार | १८ |
| ३.३ | अनुसन्धानका साधनहरू | १८ |

३.४ तथ्याङकका श्रोतहरू १९
३.५ तथ्याङकको प्रस्तुति, विश्लेषण र व्याख्या १९

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या २०-३३

४.१ एस.एल.सी. परीक्षामा विज्ञान विषयको परिणामको अवस्था २०
४.१.१ विज्ञान विषयको राष्ट्रिय तथ्याङ्क २०
४.१.२ विज्ञान विषयको क्षेत्रस्तरीय प्राप्ताङ्कको अवस्था २१
४.१.३ .अध्ययन क्षेत्रका विद्यालयहरूको विज्ञान विषयमा प्राप्ताङ्कको अवस्था २१
४.१.४ अध्ययन क्षेत्रका विद्यालयहरूको प्रवेशिका परीक्षामा विज्ञान विषयको उपलब्धिको अवस्था २२
४.२ प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू २३
४.२.१ शैक्षणिक चरहरू २४
४.२.१.१ शैक्षिक व्यवस्थापन २५
४.२.१.२ शिक्षण विधि र क्रियाकलाप २५
४.२.१.३ परीक्षा र मूल्याङ्कन प्रणाली २७
४.२.१.४ पाठ्यक्रम र पाठ्यपुस्तक २८
४.२.१.५ शैक्षिक संगठन २९
४.२.१.६ खर्च वा रकम ३०
४.२.१.७ सुविधाहरू ३०
४.२.२ संस्थागत चरहरू ३०
४.२.२.१ विद्यार्थी, शिक्षक र प्रशासक ३०
४.२.२.२ परिवार र समुदाय ३१
४.२.३ व्यावहारिक उद्देश्यहरू ३१
४.३ प्रवेशिका परीक्षामा विज्ञान विषयको सिकाइ उपलब्धि वृद्धि गर्ने उपायहरू ३२

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव** **३४-३६**

५.१ प्राप्ति ३४

५.२ निष्कर्ष ३५

५.३ सुझाव ३५

**सन्दर्भ सामग्री** **३७**

**अनुसूची तालिका** a–q

**अनुसूची**

१. विद्यार्थीका लागि सोधिने प्रश्नावली a

२. विज्ञान शिक्षकका लागि प्रश्नावली d

३. प्रधानाध्यापकका लागि प्रश्नावली g

४. स्रोतव्यक्तिका लागि प्रश्नावली j

५. विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली l

६. छनौट गरिएका जनसंख्याको नामावली o

७. एस. एल.सी. परीक्षाको विज्ञान विषयको विशिष्टीकरण तालिका p

८. छनौटमा परेका विद्यालयहरूको अवस्थितिको नक्शा q

# तालिका सूची

**तालिका** **शीर्षक**

१. छनौटमा परेका नमुना जनसंख्या १७
२. विज्ञान विषयको राष्ट्रिय तथ्याङ्क २०
३. विज्ञान विषयमा क्षेत्रस्तरीय प्राप्ताङ्क २१
४.क. विज्ञान विषयको प्राप्ताङ्कको वर्तमान अवस्था (एस.एल.सी.२०६४) २१
४.ख. विज्ञान विषयको प्राप्ताङ्कको वर्तमान अवस्था (एस.एल.सी. २०६५) २२
५.क. विज्ञान विषयको उपलब्धिको वर्तमान अवस्था (एस.एल.सी.२०६४) २२
५.ख. विज्ञान विषयको उपलब्धिको वर्तमान अवस्था (एस.एल.सी.२०६५) २३
६. शैक्षिक व्यवस्थापन बारे विद्यार्थीको धारणा २४
७. शिक्षण विधि र शिक्षण क्रियाकलाप बारे विद्यार्थीको धारणा २५
८. परीक्षा र मूल्याङ्कन बारे विद्यार्थीको धारणा २७
९. पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी विद्यार्थीको धारणा २८
१०. विज्ञान विषयमा सिकाइ उपलब्धि वृद्धि गर्ने उपाय (विद्यार्थीको धारणा) ३२